पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७/७८
चलानी नं./Ref. No. : २८ (सूचना)

मितिः २०७७/०७/०७

## अत्यन्त जरुरी सूचना

यस पूर्वखोला गाउँपालिकाबाट मिति २०७७/०६/२८ गते क्वारेन्टाइनमा बसेका व्यक्तिहरु, नमुनाको रुपमा केहि जनप्रतिनिधि, कर्मचारी र केहि समुदाय स्तरका व्यक्तिहरुको PCR स्वाब सङ्कलन गरि पाल्पा अस्पताल द्वारा संचालित PCR परिक्षण प्रयोगशाला, तानसेन पाल्पामा परिक्षण गर्दा यस गाउँपालिकाका एक जना जनप्रतिनिधि र एक जना कर्मचारी सहित क्वारेन्टाइनमा बस्नु भएका अन्य ५ जनाको समेत गरि ७ जनाको PCR रिपोर्ट पोजेटिभ आएको हुदाँ, ती जनप्रतिनिधि, कर्मचारीको कन्टयाक ट्रेसिंग गर्दा वहाहरु सँग क्लोज कन्टयाकमा आएका अन्य जनप्रतिनिधि, कर्मचारीको मिति २०७७/०७/०४ गते जम्मा ५३ जनाको PCR स्वाब सङ्कलन गरि जाँच गर्दा २१ जना ब्यक्तिहरुमा PCR रिपोर्ट पोजेटिभ आएको हुदाँ समुदाय स्तरमा कोरोना (कोभिड -१९ ) संक्रमण फैलिन सक्ने जोखिमलाई न्यूनीकरण तथा रोकथाम गर्नका लागि मिति २०७७/०६/३० गते राती १२ बजे देखि मिति २०७७/०७/०७ सम्म बन्द रहेको सेवा पुनः २०७७/०७/०७ देखि २०७७/०७/१४ सम्मको लागि यस गाउँपालिकाको कार्यालय लगायत मातहतका कार्यालयहरु, शैक्षिक संस्थाहरु, बैंक, वित्तीय संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, होटल तथा अन्य व्यवसायहरु र निजि तथा सार्वजनिक सवारी साधनहरु पूर्ण रुपमा बन्द गरिएको तथा अत्यावश्यक सेवा जस्तै एम्बुलेन्स सेवा लगायत स्वास्थ्य संस्थाहरु र खाद्यान्न पसलहरु तपसिलमा उल्लेख भए अनुसार खुल्ने व्यवस्था मिलाइएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निज संक्रमितहरुको क्लोज कन्टयाकमा रहेका ब्यक्तिहरु होम क्वारेन्टाइनमा बस्नुहुन अनुरोध छ । साथै यो सूचना अवज्ञा गरेको पाइएमा संक्रमण रोग ऐन , २०२० बमोजिम कारवाहीको लागि सिफारिस गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१) स्वास्थ्य संस्थाहरु ईमरजेन्सी सेवा बाहेकका अन्य सेवाहरु बन्द रहनेछन् ।

२) खाद्यान्न पसलहरु बिहान ६ बजे देखि ८ बजेसम्म र साँझ ४ देखि ६ बजे सम्म खुल्नेछन्, साथै नेपाल सरकारको स्वास्थ्य मापदण्ड अपनाई सामाजिक दूरी कायम गरि किनबेच गर्नुपर्नेछ । खाद्यान्न ढुवानी गर्नु परेमा गाउँपालिकाको अनुमति लिएर निर्धारित समयमा खाद्यान्न ढुवानी गरि सक्नुपर्नेछ ।

३) अन्य अत्यावश्यक सेवाहरु जस्तै (एम्बुलेंन्स सेवा) २४ घण्टा संचालन हुनेछन् ।

मोहन ढकाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत